# सिया कोलिसी



# ख्रिष्टको बचाउने शक्ति पत्ता लगाउने

दक्षिण अफ्रिकी रग्बी खेलाडी **सिया कोलिसीले** *2011* मा आफ्नो वरिष्ठ-तहमा डेब्यु गरे र *2018* मा दक्षिण अफ्रिकी राष्ट्रिय टोलीका कप्तान चुनिए र स्प्रिङबक्सको रग्बी युनियन टोलीको *126* वर्षीय इतिहासमा पहिलो अश्वेत कप्तान बने। *2019* मा उनले रग्बी विश्वकप च्याम्पियनशिपमा दक्षिण अफ्रिकाको नेतृत्व गरे।

म दक्षिण अफ्रिकाको विपन्न शहर, ज्वाइडेमा हुर्कें, जहाँ मेरा आमा र बुबा मेरो हेरचाह गर्नको लागि कलिलै भएको हुनाले मलाई मेरी हजुरआमाले हुर्काउनुभएको थियो। मलाई याद आएदेखि, रग्बी मेरो जीवनको ठूलो हिस्सा बनेको छ। मेरा बुबा र काकाहरूले यो खेल खेल्नुभयो र मैले सक्ने भएदेखि म 8 वर्षको उमेर हुँदा, मैले पनि खेल्न सुरु गरें।

झुप्रा बस्तीमा बस्दा हामीले जीवन बिताउन संघर्ष गर्नुपर्थ्यो। हामीले मेरो स्कूल र यससँग जोडिएर आउने सबै शुल्कहरू तिर्न असमर्थ भयौं, तर म हरेक दिन स्कूल जान्थें किनकी त्यहाँ मैले दिनको लागि एक छाक खाना पाउथें। साँझमा, म हाम्रो दुई-कोठा भएको घरमा फर्कन्थें जहाँ हामी सात जना बस्थ्यौं, राति-राति सोफाका कुसनहरू लिएर भुइँमा सुत्थ्यौं।

मलाई जहिले पनि रग्बी खेल रुचाउथें; म प्रत्येक दिन यसको प्रशिक्षण लिन्थें। रग्बीले मलाई मेरा वरिपरि भइरहेका धेरै खराब कुराहरूबाट टाढा राखेको जस्तो देखिन्छ। मैले धेरै साथीहरू गुमाएँ किनभने म आफ्नो खेलमा सकेसम्म सर्वश्रेष्ठ हुने कुरामा ध्यान केन्द्रित गर्दै थिएँ, उनीहरू भने जीवनका संघर्ष र प्रलोभनहरूको शिकार भइरहेका थिए। म आफूलाई आउन सक्ने कुनै पनि अवसरको लागि तयारी गर्नमा दृढ थिएँ, यद्यपि त्यो के हुन सक्छ भन्ने मलाई थाहा थिएन।

AP फोटोहरू/तेम्बा हादेबे, रुई भियरा

सबैभन्दा मनपर्ने पद:

**“जब तिमीलाई संकट पर्छ, म तिम्रो साथमा हुने छु। तिमी नदी तर्दा तिमीलाई त्यसले बगाउने छैन। जब तिमी आगोमाथि हिँड्दछौ, तिमी जल्ने छैनौ; आगोको ज्वालाले तिमीलाई जलाउने छैन। किनभने म प्रभु, तिम्रो परमेश्वर हुँ, म इजरायलको परमपवित्र, तिम्रो मुक्तिदाता हुँ।”— यशैया *43:2-3***




म 12 वर्षको हुँदा, मेरो स्कूलको टोलीको तर्फबाट त्यो सिजनको हाम्रो पहिलो खेल खेल्न म मैदानमा गएँ। नजिकैको स्कूल, जहाँ एक जना सिपालु प्रशिक्षक थिए, उनीहरूको सामना गर्नुपर्दा हामीले 50 अङ्कले पराजित भयौं। खेलपछि, विपक्षी टोलीका प्रशिक्षक म नजिक आए र उनलाई ममा प्रतिभा भएको लागेको बताए। उनले मलाई आफ्नो स्कूलको लागि खेल्न आमन्त्रित गरे। त्यहाँबाट, ती प्रशिक्षकले मलाई आफू अन्तर्गत लिए, जो मैले कहिल्यै नपाएको पितामय व्यक्तित्व बन्न पुगे। यस अवसरले मेरो लागि कति अर्थ राख्छ भन्ने कुरा उनलाई थाहा थियो र मैले यसको पूर्ण उपयोग गर्न कडा परिश्रम गरेँ। उनले मलाई मेरो पहिलो प्रान्तीय परीक्षणमा लगे, जहाँ मैले बक्सर लगाएर खेलेँ किनकी मेरो रग्बी सर्टहरू खरिद गर्ने क्षमता थिएन। छिट्टै नै, म प्रान्तीय टोलीमा छानिएँ, जसबाट आफूलाई सबैभन्दा मन पर्ने खेल खेल्न प्रतियोगिताहरूमा जान सक्थें।

म 19 वर्षको हुँदा, म एक पेशेवर खेलाडी बनेँ। 2012 मा, मेरो 21ँऔ जन्मदिनको सप्ताहन्तमा, मैले दक्षिण अफ्रिकी राष्ट्रिय टोलीबाट पहिलो खेल खेलेँ।

2015 को रग्बी विश्वकपमा खेल्ने अवसर पाउनु ठूलो कुरा थियो, तर मैले त्यसमा 30 मिनेट मात्र खेलेँ। चार वर्षपछि, स्प्रिङबक्सको कप्तानको रूपमा, म विश्वकपमा आफ्नो देशको प्रतिनिधित्व गर्न पाउँदा अत्याधिक सम्मानित र उत्साहित महसुस गरेँ। मलाई थाहा छ, मलाई म जस्तो व्यक्ति छु त्यसको लागि यस खेलमा कसैले पनि हासिल गर्न सक्ने उच्चतम स्थान यस टोलीको कप्तानको रूपमा छानिएको हुँ। त्यसकारण, म जस्तो छु, त्यही व्यवहार गर्ने र आफ्नो दिमागमा विभिन्न अनावश्यक सोचाइ पस्न नदिने प्रयास गर्दछु। खेल खेल्दा म अरूको लागि असल उदाहरण बन्ने प्रयास गर्दछु।

परमेश्वर यस्तै समयको लागि मलाई तयार गरिरहनुभएको थियो। म हजुरआमासँग चर्च जाँदै हुर्कँदै र विगत केही वर्षहरूमा कहिले जाने कहिले नजाने गर्दै गरेँ, मैले आफ्नो जीवन साँच्चिकै ख्रिष्टमा समर्पण गरेको चाहिँ हालसालै मात्र हो। व्यक्तिगत तवरले धेरै कुराहरूमा संघर्ष गर्नुपर्दा — प्रलोभन, पाप र जीवनशैली सम्बन्धी विकल्पहरू — मैले के महसुस गरेँ भने मैले आफूलाई जुन रूपमा प्रस्तुत गर्थेँ, सो अनुसार आफ्नो जीवन बिताइरहेको थिइनँ: ख्रिष्टको अनुयायी। म जेनतेन गरिरहेको थिएँ, तर मैले आफूलाई येशु ख्रिष्टमा पूर्ण रूपमा समर्पण गर्ने र उहाँको तौरतरिका अनुसार बाँच्ने निर्णय गरिसकेको थिइनँ।

मेरो व्यक्तिगत जीवनमा मैले संघर्ष गरिरहनुपरेको कुनै कुरा सार्वजनिक नहुँदासम्म त्यो क्रम चलिरहयो। त्यस बेलासम्म, म लडिरहेका सबै कुरा लुकेको थियो तर जब मेरो पाप उजागर भयो, मैले या त आफ्नो जीवन परिवर्तन गर्नुपर्ने थियो वा सबै कुरा गुमाउनुपर्ने थियो भन्ने मलाई थाहा थियो। मैले आफ्नो जीवन गुमाउने र ख्रिष्टमा प्राप्त गर्ने निर्णय गरेँ।

आध्यात्मिक सल्लाहकारसँग हिँड्ने क्रममा, म सत्य र पूरै नयाँ तरिकाले ख्रिष्टको बचाउने शक्ति पत्ता लगाउन सक्षम भएको छु। यो नयाँ जीवनले मेरो हृदयमा शान्ति प्रदान गरेको छ जुन मैले पहिले कहिल्यै अनुभव गरेको थिइनँ। अब मैले सब थोक परमेश्वरलाई अर्पण गरिसकेपछि, अरू कुनै कुराले मलाई असर गर्दैन। उहाँको योजना जहिले पनि कार्यान्वयन हुने छ भन्ने जानेर म अब स्वतन्त्रता सहित जीवन जिउँछु र खेल खेल्छु र र अन्ततः मेरो लागि त्यसले मात्र अर्थ राख्छ।

मैले जीवनमा सबै कुरा बुझ्नु जरुरी छैन र मैले नबुझेका धेरै कुराहरू छन्, तर मलाई के थाहा छ भने यी सबैको नियन्त्रण परमेश्वरले नै गर्नुहुन्छ। मेरो काम भनेको मैले गर्न सक्ने सबैभन्दा राम्रो गर्नु र बाँकी उहाँको हातमा छोड्नु हुन्छ। मैले साँच्चिकै आफ्नो पापसँग संघर्ष गरिरहेको बेलामा, मैले बाइबलको यशैयाको पुस्तकमा एउटा पद पढेँ जसले मलाई वास्तवमै छोयो। यशैया: 43: 2-3 मा भनिएको छ, “जब तिमीलाई संकट पर्छ, म तिम्रो साथमा हुने छु। तिमी नदी तर्दा तिमीलाई त्यसले बगाउने छैन। जब तिमी आगोमाथि हिँड्दछौ, तिमी जल्ने छैनौ; आगोको ज्वालाले तिमीलाई जलाउने छैन। किनभने म प्रभु, तिम्रो परमेश्वर हुँ, म इजरायलको परमपवित्र, तिम्रो मुक्तिदाता हुँ।” मैले धेरै दिनसम्म यो पढिरहेँ।

यदि इतिहासका विभिन्न कालखण्डमा संसारलाई पिठ्युँ फर्काएका अनगिन्ती व्यक्तिका लागि परमेश्वर आउन सक्नुहुन्छ भने, उहाँ मेरो निम्ति पनि आउन सक्नुहुन्छ।



दक्षिण अफ्रीका